# भलुनी भटुवा सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका नगरपालिका वडा नं. १, बर्दिया

## गोलिया काठ तथा दाउरा प्रति ईकाई दररेटमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मितिः २०८२/१२/१९ गते बिहीबार**

डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ३३२४ मिति २०८२/११/२९ कटान सहमति अनुसार तपसिल बमोजिमका जातको १९१९.९९ घ.फि. काठ तथा ४.०१ चट्टा दाउरा प्रति ईकाई दररेटको आधारमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

**तपसिल**

| लट नं. | क्र. सं. | जात | ग्रेड | परिमाण (घ.फि.) | प्रति ईकाई न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| KH/15/08-a01-01-2082/12/19-p | १ | अन्य | N | ३५.३६ | १०० | |
| | २ | कदम | N | ३२४.५७ | १०० | |
| | ३ | खयर | N | ३९१.९४ | १००० | |
| | ४ | गुटेल | N | ७९.१३ | १०० | |
| | ५ | बाँझी | N | ९.९४ | १०० | |
| | ६ | सिमल | N | १०७९.०५ | १५० | |
| | ७ | अन्य जातको दाउरा | N | ४.०१ | ४००० | |

**शर्त तथा नियमहरुः**

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०१/०९ गते बुधबार | ख) समयः कार्यालय समयभित्र

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०१/१० गते बिहीबार | ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३. बोलपत्र खोल्ने मिति र समय
क) मितिः २०८३/०१/११ गते शुक्रबार | ख) समयः मध्यान्ह २:०० बजे

४. बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८२/१२/१९ गते बिहीबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५. खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००३५३९००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

७. निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

विक्रम

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

१०. छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

११. वन पैदावार सङ्कलन गर्दा लागेको कटानमुछान, घाटगद्धी सम्मको ढुवानी र पाईलिङ्ग वापतको खर्च छुट्टै बुझाउनु पर्नेछ।

१२. तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१३. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१४. अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१५. बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

# मालिका हातेकागज उद्योग पुनः सञ्चालन गर्न माग

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १८ चैत



जयपृथ्वी नगरपालिका-१ कैलासमा रहेको मालिका हातेकागज उद्योग पुनः सञ्चालन गर्न तथा त्यससँग जोडिएका आर्थिक गतिविधिको निष्पक्ष छानबिन गर्न माग गरिएको छ । जेनजी अभियन्ता सुनील सिंहले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निवेदन पेस गर्दै यस्तो माग अघि सारेका हुन् ।

निवेदनमा उक्त उद्योग स्थानीय सीप, स्रोत र सांस्कृतिक पहिचानसँग गाँसिएको महत्वपूर्ण हस्तकला केन्द्र भएको उल्लेख गरिएको छ । विगतमा यहाँ उत्पादित हातेकागज गुणस्तरीय मानिँदै आएको र यसले स्थानीयस्तरमा रोजगारी सिर्जना, आयआर्जन वृद्धि तथा समुदायको पहिचान प्रवर्द्धनमा उल्लेखनीय भूमिका खेलेको जनाइएको छ ।

तर पछिल्लो समय उद्योग पूर्ण रूपमा बन्द भएपछि त्यसको प्रत्यक्ष असर स्थानीय बासिन्दाको जीविकोपार्जनमा परेको सिंहले बताएका छन् । यति महत्वपूर्ण उद्योग संरक्षण र सञ्चालनमा सम्बन्धित निकायले अपेक्षित चासो नदिएको आरोप पनि निवेदनमा गरिएको छ । साथै उद्योग सञ्चालनका क्रममा सर्वसाधारणबाट संकलित रकमको उपयोगमा अनियमितता भएको आशंका व्यक्त गरिएको छ । अहिलेसम्म स्पष्ट र पारदर्शी हिसाब सार्वजनिक नगरिएको भन्दै उनले आर्थिक कारोबारको स्वतन्त्र र निष्पक्ष छानबिन गर्न माग गरेका छन् ।

उद्योगलाई पुनर्जीवित गर्न ठोस कार्ययोजना ल्याउनुपर्ने, सम्भावित अनियमिततामा संलग्नलाई कानुनी दायरामा ल्याउनुपर्ने तथा दिगो सञ्चालनका लागि आवश्यक बजेट, प्रविधि र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिइएको छ । भविष्यमा यस्ता समस्या दोहोरिन नदिन कडा अनुगमन र उत्तरदायित्व प्रणाली विकास गर्नुपर्ने मागसमेत गरिएको छ ।

### माटोको सीप संकटमा

# पुख्यौंली पेसा जोगाउने संघर्षमा कुमाल समुदाय

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, १८ चैत



पुस्तौंदेखि माटोसँग जीवन गाँसेर हस्तकला र परम्परागत सीपलाई जोगाउँदै आएको कुमाल समुदाय यतिबेला अस्तित्वकै संघर्षमा उभिएको छ । बदलिँदो जीवनशैली, सस्तो र सहज उपलब्ध प्लास्टिक तथा धातुजन्य सामग्रीको बढ्दो प्रयोग र बजार प्रतिस्पर्धाले यो समुदायको मुख्य पेसालाई क्रमशः कमजोर बनाउँदै लगेको छ ।

नेपालका विभिन्न भूभागमा फैलिएको कुमाल समुदाय माटोका भाँडा निर्माणमा दक्ष मानिन्छ । पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-५, गेरमीका भुलई कोहार यसै पेसामा जीवन बिताइरहेका प्रतिनिधि पात्र हुन् । झन्डै पाँच दशकदेखि निरन्तर माटोका भाँडा बनाउँदै आएका उनी आज पनि आफ्नो दैनिक दिनचर्या यही कामबाट सुरु गर्छन् । हरेक बिहान उनी नजिकैको नदी किनारमा पुगेर माटो संकलन गर्छन् । त्यसपछि माटोलाई मुछेर परम्परागत चाकको प्रयोगमार्फत कराही, गाग्रो, घैला, गिलास, दियोलगायत विभिन्न सामग्री तयार पार्छन् । तयार भएका भाँडालाई घाममा सुकाएर भट्टीमा पकाइन्छ, जसले ती भाँडालाई बलियो र प्रयोगयोग्य बनाउँछ ।

भुलईका अनुसार यो काम केवल सीपको विषय मात्र होइन, धैर्य र समय व्यवस्थापनको संयोजन पनि हो । माटोको गुणस्तरदेखि निर्माण, सुकाउने र पकाउने प्रक्रियासम्म सबै कुरा मिल्दा मात्रै राम्रो उत्पादन सम्भव हुन्छ । यही पेसाबाट उनले परिवार चलाएका छन्, छोरीहरूको विवाह र छोराहरूको पालनपोषणसमेत यही आम्दानीले सम्भव भएको हो । तर पछिल्लो समय परिस्थितिमा ठूलो परिवर्तन आएको छ । पहिले गाउँघरमा व्यापक प्रयोग हुने माटोका भाँडालाई अहिले प्लास्टिक र फलामका सामग्रीले प्रतिस्थापन गर्न थालेका छन् । सस्तो मूल्य, सजिलो उपलब्धता र प्रयोगको सहजताले उपभोक्ताको रोजाइ बदलिँदै जाँदा कुमालहरूको आम्दानी घट्दै गएको छ ।

बजारमा माग खुम्चिँदै जाँदा यो पेसाबाट जीविकोपार्जन गर्न कठिन हुँदै गएको भुलई बताउँछन् । उनका अनुसार अहिले माटोका भाँडा विशेष अवसर र मौसममा मात्रै बढी बिक्री हुने अवस्था छ । गर्मीयाममा गाग्रोमा राखिएको पानी चिसो हुने भएकाले केही माग रहने गरेको छ भने दीपावलीमा दियो र छठ पर्वमा घैला तथा अन्य सामग्रीको प्रयोगले छोटो समयका लागि बजार चलायमान बनाउँछ ।

स्थानीय सरोकारवालाहरू भने कुमाल पेसालाई केवल आर्थिक गतिविधिका रूपमा नभई सांस्कृतिक सम्पदाका रूपमा हेर्नुपर्ने बताउँछन् । उनीहरूका अनुसार माटोका भाँडा वातावरणमैत्री हुने भएकाले प्लास्टिकको विकल्पका रूपमा यसको प्रवर्द्धन आवश्यक छ । यसले एकातिर रोजगारी सिर्जना गर्छ भने अर्कोतर्फ परम्परागत संस्कृति जोगाउन पनि मद्दत पुऱ्याउँछ । तर राज्य स्तरबाट अपेक्षित सहयोग र प्रभावकारी नीति अभावमा यो समुदाय निराश बन्दै गएको छ । नयाँ पुस्ता वैकल्पिक रोजगारीतर्फ आकर्षित हुँदा सीप हस्तान्तरणमा समेत समस्या देखिन थालेको छ, जसले भविष्यमा यो पेसा नै लोप हुने जोखिम बढाएको छ ।

यद्यपि, चुनौतीका बाबजुद भुलई कोहाजस्ता हस्तकलाकर्मीहरू आफ्नो पुख्यौंली पेसा छोड्ने पक्षमा छैनन् । उनीहरूका लागि यो पेसा केवल जीविकोपार्जनको माध्यम मात्र होइन, पहिचान र परम्परासँग गाँसिएको अस्तित्वको प्रश्न हो । समयमै संरक्षण, प्रवर्धन र बजार व्यवस्थापनमा ठोस पहल नगरिए, कुमाल समुदायको यस्तो अमूल्य सीप र परम्परा इतिहासका पानामा सीमित हुने खतरा बढ्दै गएको छ ।

# असिनापानी र हावाहुरीले बौधीमाईमा करोडौंको क्षति

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ चैत



रौतहटको बौधीमाई नगरपालिकामा आएको बेमौसमी असिनापानी र भीषण हावाहुरीले हिउँदे बालीमा व्यापक क्षति पुऱ्याएको छ । प्राकृतिक विपत्तिका कारण किसानहरू मर्माहत भएपछि बौधीमाई नगरपालिकाले संघीय र प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै तत्काल राहत र क्षतिपूर्तिको माग गरेको छ ।

नगर प्रमुख प्रदीप यादवको नेतृत्वमा उपप्रमुख, कार्यपालिका सदस्य र पीडित किसानहरूको टोलीले बुधबार प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल मार्फत प्रधानमन्त्री तथा मधेस प्रदेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

नगर प्रमुख यादवका अनुसार नगरपालिकाका सबै ९ वटै वडामा असिनापानीले विनास निम्त्याएको छ । विशेषगरी काट्ने बेला भएको गहुँ, मकै, र मसुरो बालीमा सतप्रतिशत क्षति पुगेको छ भने व्यवसायीक रूपमा लगाइएका तरकारी, आँप, केरा र लिची जस्ता फलफूल खेतीमा समेत ठूलो नोक्सानी भएको छ ।

ज्ञापनपत्र वाचन गर्दै नगर प्रमुख यादवले भने :यो वर्ष पटक-पटकको प्राकृतिक विपत्तिले किसानहरूको ढाड सेकेको छ । अहिलेको असिनापानीले किसानको मुखमा आउन लागेको गाँस खोसेको छ । यसले किसानको जीविकोपार्जनमा मात्र नभई समग्र क्षेत्रकै खाद्य सुरक्षामा गम्भीर चुनौती थपेको छ । ज्ञापनपत्रमार्फत नगरपालिकाले असिनापानी र हावाहुरीबाट भएको वास्तविक क्षतिको तत्काल प्राविधिक मूल्यांकन र विवरण संकलन, पीडित किसानहरूलाई बीउ, मल र नगद राहतको व्यवस्था तत्काल मिलाउन माग गरिएको छ ।

बारम्बार हुने यस्ता विपत्तिबाट किसानलाई सुरक्षित राख्न बाली बीमा कार्यक्रमलाई प्रभावकारी र अनिवार्य रूपमा कार्यान्वयन गर्न, जलवायु परिवर्तनका कारण निम्तिने यस्ता संकट व्यवस्थापनका लागि ठोस दीर्घकालीन योजना ल्याउन माग गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले किसानको समस्याप्रति आफू गम्भीर रहेको बताए । उनले जिल्ला कृषि ज्ञान केन्द्र मार्फत तत्काल प्राविधिक टोली खटाएर क्षतिको यथार्थ विवरण संकलन गराउने प्रतिबद्धता व्यक्त गरे । साथै, उक्त ज्ञापनपत्र बुधबार नै प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र मुख्यमन्त्रीको कार्यालयमा पठाइने जानकारी दिए ।

ज्ञापनपत्र बुझाउने टोलीमा नगर उपप्रमुख प्रमिला देवी, विभिन्न ६ वडाका वडाध्यक्षहरू, नगर कार्यपालिका सदस्यहरू, महिला सदस्यहरू तथा ठूलो संख्यामा पीडित किसानहरूको उपस्थिति रहेको थियो । चालू आर्थिक वर्षमा पटक-पटक विपत्ति भोग्दा पनि सरकारबाट ठोस सहयोग नपाएको भन्दै किसानहरूले यसपटक भने नारा मात्र होइन, न्याय चाहिएको बताए ।

# कालिञ्चोकका आगलागी पीडितलाई राहत

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १८ चैत



कालिन्चोक गाउँपालिका-९ कटुवाचौरमा गत चैत १३ गते भएको विनाशकारी आगलागीबाट प्रभावित ४ परिवारका १६ जनालाई गैर-खाद्यान्न राहत सामग्री वितरण गरिएको छ । बुधबार प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे, जिल्ला प्रहरी कार्यालयका डिएसपी मनोज कुमार लामा, सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गुल्म हे. क्वा. दोलखाका नायव उपरीक्षक संजय अधिकारी, गरुण दल गणका गणपति कर्णेल लोक सागर कटुवाल साथै अन्य सरोकारवालाको उपस्थितिमा वितरण गरिएको हो ।

राहत सामग्री सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गुल्म हे.क्वा.मा राखिएको डिजास्टर रिलिफ सिस्टम कन्टेनरबाट प्रदान गरिएको थियो । आगलागीमा स्थानीय नन्दप्रसाद रेग्मी, धनवीर थामी, इन्द्रबहादुर थामी लगायत परिवार पीडित बनेका थिए । राहत वितरणपछि पीडित परिवारहरूले दैनिक जीवन व्यवस्थापनमा सहजता बढेको र मनोबल उच्च भएको प्रतिक्रिया दिएका छन् । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी घिमिरेले आगलागीबाट प्रभावित परिवारहरूको छिटो राहत वितरण गर्न प्रशासन, सुरक्षा निकाय र स्थानीयवासीबीचको समन्वय महत्वपूर्ण भएको बताए । उनले भने, 'प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको सहकार्यले आगलागी नियन्त्रणमा प्रभावकारी भूमिका खेलेको छ । आवश्यक परे थप सहयोग पनि उपलब्ध गराइनेछ ।' स्थानीय प्रशासन र सुरक्षा निकायहरूले आगलागी नियन्त्रण र राहत वितरणमा देखाएको तत्परता र छिटो निर्णयले प्रभावकारी विपद् व्यवस्थापनको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ ।

पीडित परिवारहरूलाई पुनःस्थापनाको लागि आवश्यक सहयोग निरन्तर उपलब्ध गराउने प्रतिबद्धता प्रशासनले जनाएको छ । यसरी शीघ्र राहत वितरण र समन्वयले पीडित परिवारमा सकारात्मक प्रभाव पारेको र समुदायमा सहयोग र सहकार्यको महत्वलाई उजागर गरेको छ ।


**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक प्रकाशन मिति २०८२/१२/१९**

यस टप्पर महिला सामुदायिक वन उपभोक्ता समुह गुलरिया न.पा.०४, तुल्सिपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जातको गोलिया थान ६४८ को २१६६.२९घ.फि. काठ तथा सिसौ दाउरा ६ चट्टा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमतिप्राप्त गरि संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ ।

**श्री टप्पर महिला सामुदायिक वन उपभोक्ता समुह,**
**गुलरिया न.पा. ०४ तुल्सिपुर, बर्दिया । मो.नं. ९८५८०२५५४८ र ९८४४८२२६१९**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०७/१३ मा दर्ता भएको श्री **स्वोप्नील् पशुपंक्षी तथा कृषि फार्म प्रा. लि. (दर्ता नं. २०१५६९)** नामक कम्पनीले दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**काठ/दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**पहिलो पटक प्रकाशन मिति २०८२/१२/१९**

यस कालावेलभार सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न.पा.११, वेलभार बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातीको काठ ३९६७.१८ घ.फि. र दाउरा १२.०५ चट्टा अनुमानित लगत बमोजिम प्रति ईकाई दररेटमा जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री कालावेलभार सामुदायिक वन उपभोक्ता समुह,**
**बारबर्दिया न.पा.११ वेलभार, बर्दिया । मो.नं. ९८२५५५६०२०**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/१९**

मिति २०८२/११/२६ गते सम्पन्न वार्षिक/विषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हाइल्याण्ड दिलिसियस बाइ एज्लिन** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हाई बाररेस्ट्रो बाइ एज्लिन (दर्ता नं.: ३५३७०७)** कायम गर्ने गरी मिति २०८२/१२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लगानी हब लिमिटेड र स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. एक आपसमा गाभिई "स्वेडा लगानी हब लिमिटेड" कायम हुने सम्बन्धी सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१२/०३ मा दर्ता भएको लगानी हब लिमिटेड (दर्ता नं. २५८९५३) को मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव र कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०२/३२ मा दर्ता भएको स्वेडा इन्भेष्टमेन्ट प्रा.लि. (दर्ता नम्बर १५०८४८) को मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव बमोजिम स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. (दर्ता नम्बर १५०८४८) लाई लगानी हब लिमिटेडमा गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने/सकार्ने गरी स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. (दर्ता नम्बर १५०८४८) लाई लगानी हब लिमिटेड (दर्ता नं. २५८९५३) मा गाभ्न श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/२९ गतेको निर्णय अनुसार स्वीकृति प्राप्त भई लगानी हब लिमिटेड र स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. एक आपसमा गाभिई स्वेडा लगानी हब लिमिटेड अंग्रेजीमा Cweda Lagani Hub Limited कायम भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लगानी हब लिमिटेड**
कमलपोखरी-०१, काठमाण्डौं

**स्वेडा इन्भेष्टमेन्ट प्रा.लि.**
बालुवाटार-०४, काठमाण्डौं

Sudur Paschim Province Government
**Ministry of Industry, Tourism, Forest and Environment**
**Division Forest Office**
Pahalmanpur Kailali

**Invitation For The Electronic Bids**

**Date of Publication: 02th April, 2026 (2082/12/19 B.S.)**

1. Division Forest Office, Pahalmanpur, Kailali invites following Invitation of electronic bids from Nepalese eligible bidders for the under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount Without Vat (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | DFO/W/ NCB/2082/083-05 | Forest restoration with fencing in the Karnali biological corridor (Layekpur CFUG & Karnali Corridor CFUG) | 23,52,608.57/- | 71000.00/- | 3000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Division Forest Office, Pahalmanpur, Kailali, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Senior Divisional Forest Officer**

**कुवेतमा रोजगार**
कम्पनी : BADER CONSTRUCTION GROUP FOR GENERAL TRADING & CONTRACTING शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०८/२२ चलानी नं.: ६०२४८६४१ LT. No.:334940 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Outdoor Labours | 1 | 0 | स. काममा दक्ष | 95 | ४६,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २६ गते (9 April 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**VARSHA MANPOWER PVT. LTD.**
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044.
Email: info@varshanepal.comWebsite: www.varshanepal.com
Lic No.: 954/067/068

**मलेसियामा रोजगार**
कम्पनी: AGRO VB SDN BHD शहर : JALAN
पूर्व स्वीकृत मितिः२०८२/१२/१८ चलानी नं.: ६०२५३७४३ L.T. No.: 340314

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 50 | 0 | स. काममा दक्ष | 1700 | ६३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत २६ (9 April 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SAMRAT HUMAN RESOURCES PVT. LTD.**
License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198
Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**सिंहदरवार, काठमाडौं**

**बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वार्ड नम्बर २८ रामशाहपथमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको कार्यालय भवन निर्माण तथा सञ्चालनका लागि प्रस्तावित काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको कार्यालय भवन निर्माण आयोजना प्रस्तावको मस्यौदा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/१९**

प्रस्तावक श्री काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वार्ड नम्बर २८ रामशाहपथमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको कार्यालय भवन निर्माण तथा सञ्चालन आयोजना प्रस्तावको मस्यौदा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन श्री गृह मन्त्रालयको सिफारिस सहित यस मन्त्रालयमा प्राप्त हुन आएको छ । मस्यौदा प्रतिवेदनमा उल्लेख भए अनुसार प्रस्तावित आयोजनाको विवरण देहाय बमोजिम रहेको छ ।

**आयोजना विवरण**

| | |
|---|---|
| जग्गाको क्षेत्रफल र स्वामित्व | कूल ४२२८.८७ वर्गमिटर र महानगरीय ट्राफिक प्रहरी महाशाखा |
| भवनको विवरण | एक वटा भवन जसको Built Up area– १७,११०.६ वर्गमिटर, लम्वाई-४३ मिटर, चौडाई-३६.९ मिटर र उचाई- प्लिन्थ लेभलदेखी ४८.६ मिटर तला सङ्ख्या-बेसमेन्ट बाहेक १३ । |
| खुला र हरित क्षेत्र | २,६८४ वर्गमिटर र ५४९.७५ वर्गमिटर । |
| कर्मचारी र आगन्तुकको सङ्ख्या | निर्माण चरणमा कामदार-दैनिक औसत ३९४ जना र संचालन चरणमा कर्मचारी- ४०० जना र सेवाग्राही बढीमा ६०० जना । |
| पानीको आवश्यकता | निर्माण चरणमा दैनिक ३४,०४१ लिटर र सञ्चालन चरणमा दैनिक ४९,८४५ लिटर भूमिगत पानीको प्रयोग हुने । |
| तरल फोहोर व्यवस्थापन | तरल फोहोर दैनिक ५०,००० लिटर क्षमताको फोहोर पानी प्रशोधन प्लान्ट । |
| पार्किङ्ग क्षेत्र | बेसमेन्टमा दुईपाङ्ग्रे ५३० र चारपाङ्ग्रे ४२ वटा । |

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले प्रतिवेदनमा उल्लेखित विषयहरूका सम्बन्धमा प्रतिवेदन प्राप्त गरी अध्ययन गर्न वा उतार गरी लैजान वा राय सुझाव दिन सरोकारवाला सर्वसाधारणलाई सहज होस भनि उक्त प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा तथा वन तथा वातावरण मन्त्रालय र गृह मन्त्रालयको Web Site: www.mofe.gov.np, www.moha.gov.np मा समेत सार्वजनिक गरिएको छ । मस्यौदा प्रतिवेदनमा राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले पेश हुन आएको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनको मस्यौदामा आवश्यकतानुसार संशोधन वा परिमार्जन गरी समावेश गर्न लगाउने छ । अतः उक्त प्रतिवेदन सम्वन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो राय सुझाव तल उल्लेखित ठेगानामा पठाई दिनुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:**
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर । हाल: मुकाम सानोठिमि भक्तपुर ।
श्री पुस्तकालय, सङ्घीय संसद सचिवालय, सिंहदरवार, काठमाडौं ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, कमलादी, काठमाडौं ।

**राय सुझाव पठाउने ठेगाना:**
श्री वन तथा वातावरण मन्त्रालय, वातावरण प्रभाव अध्ययन शाखा, सिंहदरबार, काठमाडौं ।
फो.नं. ०१-४२११५६७, ४२११६३८ फ्याक्स नं. ०१-४२११८६८, Email: info@mofe.gov.np

**लगानी हब लिमिटेडको**
**नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१९**

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१२/०३ मा दर्ता भएको लगानी हब लिमिटेड (दर्ता नं. २५८९५३) को मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव र कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०२/३२ मा दर्ता भएको स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. (दर्ता नम्बर १५०८४८) को मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा पारित विशेष प्रस्ताव बमोजिम स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. लाई लगानी हब लिमिटेडमा गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व लगानी हब लिमिटेडले व्यहोर्ने सकार्ने गरी स्वेडा इन्भेष्टमेन्ट प्रा. लि. लाई लगानी हब लिमिटेडमा गाभ्न र लगानी हब लिमिटेडको मिति २०८२/०९/१२ गते सम्पन्न वार्षिक साधारण सभाद्वारा विशेष प्रस्ताव पारित गरि साबिकको नाम परिवर्तन गरि स्वेडा लगानी हब लिमिटेड अंग्रेजीमा Cweda Lagani Hub Limited कायम गर्ने गरि गरिएको निर्णयलाई श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/२९ गतेको निर्णय अनुसार स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश बारेको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/१२/१९ गते बिहिबार**

डिभिजन वन कार्यालय, बर्दियाको कटान सहमति अनुसार विभिन्न जातको १९१९.९९ घ.फि. काठ तथा ४.०१ चट्टा दाउरा प्रति ईकाई दररेटको आधारमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचनापाटीमा टाँस गरिएको छ ।

**भलुनी भटुवा सा.व.उ.स.**
**मधुवन-१, बर्दिया**

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश बारेको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/१२/१९ गते बिहिबार**

डिभिजन वन कार्यालय, बर्दियाको कटान सहमति अनुसार विभिन्न जातको ११२५.७८ घ.फि. काठ तथा २.५६ चट्टा दाउरा प्रति ईकाई दररेटको आधारमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचनापाटीमा टाँस गरिएको छ ।

**ओरही सा.व.उ.स.**
**मधुवन-१, बर्दिया**

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश बारेको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८२/१२/१९ गते बिहिबार**

डिभिजन वन कार्यालय, बर्दियाको कटान सहमति अनुसार विभिन्न जातको १८९३.०८ घ.फि. काठ तथा ७.५१ चट्टा दाउरा प्रति ईकाई दररेटको आधारमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचनापाटीमा टाँस गरिएको छ ।

**सगुन सा.व.उ.स.**
**मधुवन-२, बर्दिया**

**बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना**

**तस्रो पटक प्रकाशित मिति :- २०८२/१२/१९**

यस समुहको वन क्षेत्रबाट आ.व. २०७९/२०८० को स्वीकृत वन कार्ययोजना अनुसार कटान मुछान घाटगद्दी गरिएको लटहरूको साल तथा कुकाठ गोलिया थान ९७ को ७६७.३० क्यू. फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । भ्याटमा दर्ता भएका नविकरण तथा कर चुक्ता भएका ईच्चुक काठ व्यवसायिकहरूले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ दिन भित्र शिलबन्दी बोलपत्र खरिद गरी ८ औं दिनमा रितपूर्वको सिलवन्दी बोलपत्र दाखिला गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको विस्तृत सूचना यस सा.व.उ.स.को कार्यालयमा टाँस गरिएको छ ।

**गढन्ता खोला सामुदायिक वन उपभोक्ता समूह, बर्दिवास न.पा.-५, महोत्तरी**